# बडीमालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
Office of The Badimalika Municipal Executive

☎ ५४१२६८(नगरप्रमुख)
५४१२८३(उपप्रमुख)
५४१२८५(प्र.प्र.अ.)
५४१२८४(लेखा)
५४१०६७(पंजिकरण)
फ्याक्स नं. ०९७-५४१२६८

पत्र संख्या :- २०७५/०७६/प्र.उप-शाखा
चलानी नं.:- २६४

मार्तडी (Martadi)बाजुरा
७ नम्बर प्रदेश, नेपाल

मिति : २०७५/०६/०४

## विषय :- सूचना टाँस गरी जानकारी पठाई दिने बारे ।

श्री बडीमालिका नगरपालिका
१-९ नम्बर वडा कार्यालय
बाजुरा ।

यस बडीमालिका नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्ने नगरपालिकाको योजना बमोजिम यस **नगर कार्यपालिका (युनिसेफ) र सुआहारा दोस्रो कार्यक्रमबाट** संयुक्त रुपमा अभियान संचालन गर्ने भएकोले समुदायमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि गर्न सहजकर्ता छनौट समितिबाट प्रकाशित ७ दिने सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ उक्त सूचना तहाँ कार्यालयको सूचना पार्टीनमा टाँस गरी सोको जानकारी यस कार्यालयलाई उपलव्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

(त्रिलोक चन्द)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री सूचना तथा अभिलेख उपशाखा
बडीमालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी बाजुरा :- सहजकर्ता आवश्यकता सम्वन्धी सूचना कार्यालयको वेबसाईट र नगरपालिकाको फेसवुक पेजमा अपलोड गर्न हुन ।

Office copy

बडिमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Office of The Badimalika Municipal Executive, Bajura

(सहजकर्ता छनौट तथा पदपूर्ति समिति)

☎५४१२६८(नगरप्रमुख)
५४१२८३(उपप्रमुख)
५४१२८५(प्र.प्र.अ.)
५४१२८४(लेखा)
५४१०६७(पंजिकरण)
फ्याक्स न. ०९७-५४१२६८

मार्तडी (Martadi)बाजुरा
७ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :- २०७५/०७६/
चलानी नं.:-

## बिषय :- सहजकर्ता आवश्यकता सम्वन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति :- २०७५/०६/०४

यस बडीमालिका नगरपालिकालाई पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्ने नगरपालिकाको योजना रहेको छ। यस पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणाको लक्ष्य प्राप्तीका लागि नगर कार्यपालिका (युनिसेफ) र सुआहारा दोस्रो कार्यक्रमले (सुआहारा दोस्रो कार्यक्रमको उद्देश्य १००० दिनका आमा तथा तिनका बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउनु हो) संयुक्त रुपमा अभियान संचालन गर्ने भएकोले समुदायमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी जनचेतना अभिवृद्धि गर्न निम्न सहजकर्ता आवश्यक भएको हुँदा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको योग्य नागरिकले बडीमालिका नगर कार्यपालिकाको कार्यालयमा आफ्नो हस्तलिखित आवेदन सहित शैक्षिक प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र र अनुभवका प्रमाण पत्रका प्रतिलिपी तथा संक्षिप्त बायोडाटा संलग्न राखि सूचनाको म्यादभित्र आवेदन दिन हुन यो ७ दिने विज्ञापन प्रकाशित गरिएको छ ।

| पद | सामुदायिक खानेपानी, सरसफाई तथा स्वच्छता सहजकर्ता (**Community WASH Facilitator**) |
|---|---|
| प्रकार | **Paid Volunteer** |
| आवश्यक कर्मचारी | बडीमालिका नगरपालिका वडा नं. १,२,३,४,५,६,७,८ र ९ मा १/१ जना गरी जम्मा ९ जना मात्र |
| **न्यूनतम योग्यता र दक्षता** | • न्यूनतम एस.एल.सी/एस.इ.इ उर्तीण भएको<br>• नगरपालिकाको सम्वन्धित वडामा स्थायी बसोवास भएको<br>• समुदाय परिचालन सम्बन्धी ज्ञान, सिप र १ बर्षको कार्य अनुभव भएको<br>• खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा कार्य अनुभव तथा ज्ञान भएको<br>• राम्रोसँग संचार, समन्वय र समुदायमा प्रभाव पार्न सक्ने क्षमता भएको<br>• समुदायमा सहजैरुपमा परिचालित हुन सक्ने र मिलनसार, उर्जाशिल व्यक्तित्व भएको<br>• स्थानीय भाषामा दख्खल भएको<br>• स्वयंसेवी भावले काम गर्न इच्छुक भएको |
| प्रमुख जिम्मेवारी | • खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी घरायसी, विद्यालय तथा समुदायका तथ्याङ्क आवाधिक रुपमा संकलन तथा अद्यावधिक गरी नगरपालिकामा प्रतिवेदन गर्ने ।<br>• खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि बानी व्यवहार परिवर्तनका लागि **समुदाय, घरघुरी तथा बिद्यालय** स्तरमा ट्रिगरिङ्ग, अभिमुखिकरण तालिम एवं प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने ।<br>• स्वस्थ घर, समुदाय र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न समुदाय परिचालन गरी नियमित अभियान संचालन गर्ने ।<br>• स्वस्थ्य आमा समूह र अन्य स्थानीय समूहको बैठक तथा भेलामा सहभागी भई खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि बानी व्यवहार विशेषत: पानी शुद्धिकरण र साबुन पानीले हातधुने बानी व्यवहार प्रवर्द्धन गर्ने ।<br>• स्वस्थ घर र विद्यालय सम्बन्धि खानेपानी, सरसफाइ र स्वच्छता तथा पूर्ण सरसफाईका सूचकहरुको नियमित घरधुरीस्तरमा अनुगमन गर्ने र आवश्यक परामर्श दिने ।<br>• वडा भित्रका सबै घरधुरी तथा १००० दिनका आमाहरुको घरलाई विशेष प्राथमिकता दिई स्वस्थ घर सम्वन्धि कार्यक्रम संचालन गर्ने ।<br>• कार्यरत वडालाई १ वर्ष भित्र स्वस्थ घर समुदाय/पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिई कार्यक्रम संचालन गर्ने ।<br>• कार्यरत वडाका वास समन्वय समितिको नियमित बैठक संचालन तथा निर्णय कार्यान्वयनमा सहजीकरण गर्ने,<br>• कार्यरत वडामा रहेका खानेपानी आयोजनाका उपभोक्ता समितिहरुको गठन/पुर्नगठन तथा संस्थागत विकासमा सहजीकरण गरी आयोजनाहरुको पानी सुरक्षा योजना निर्माण तथा कार्यान्वयन, पानी परीक्षण आदीमा सहजीकरण गर्ने,<br>• स्थानीय तहको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समिति, स्थानीय तह, फिल्ड सुपरभाइजर, सामुदायिक पोषण सहजकर्ता र अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने ।<br>• कार्यरत वडाको मासिक प्रगति विवरण सम्बन्धीत वडा मार्फत पालिका कार्यालय र साझेदार संस्थामा पेश गर्ने । |

१. सामुदायिक खानेपानी, सरसफाई तथा स्वच्छता सहजकर्ताको मासिक सुविधा बापत रु १२,०००।- मात्र हुनेछ।

२. छनौट प्रकृया :- संक्षिप्त सूची प्रकाशन (Short list), लिखित तथा अन्तर्वार्ता ।

४. आवेदन गर्ने अन्तिम मिति :- २०७५ असोज १० गतेको कार्यालय समयभित्र।

५. पारिश्रमिक व्यहोर्ने निकाय :- बडीमालिका नगरपालिका युनिसेफको आर्थिक सहयोगमा २ जना र ७ सुआहारा कार्यक्रमबाट।

५. सम्पर्क बडीमालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी बाजुरा फोन नं. ०९७-५४१२८५

*१ जना व्यक्तिले १ वडा अर्थात आफ्नो स्थायी बसोबास रहेको वडाका लागि मात्र प्रतिस्पर्धा गर्नु पर्नेछ अन्य वडामा पेश गरेको दरखास्त मान्य हुनेछैन ।*

*नोट :- सहजकर्ता छनौट प्रकृयामा समावेशिकरणलाई प्राथमिकता दिईनेछ ।*

सहजकर्ता छनौट पदपूर्ति समिति

"हामी सबैको रहर, समृद्ध बडीमालिका नगर"

email: badimalikamunicipality@gmail.com website :badimalikamun.gov.np